## मिति २०८३ साल जेठ १३ गते बुधबार बसेको मन्थली नगरपालिकाको कार्यपालिकाको ५७ औं बैठकका निर्णयहरु

**निर्णय नं. १**

कार्यपालिकाको अघिल्लो ५६ औं वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएका कार्यप्रगतिका वारेमा समीक्षा गरियो। निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो।

**निर्णय नं. २**

मन्थली नगरपालिकाबाट चालु आ.व. २०८२/८३ मा विनियोजित वजेटबाट सञ्चालित नगरस्तरीय तथा वडास्तरीय आयोजना तथा कार्यक्रमहरुको प्रगति सम्बन्धमा समीक्षा गरियो। आयोजना तथा कार्यक्रम कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो।

**निर्णय नं. ३**

मन्थली नगरपालिकाबाट चालु आ.व. २०८२/८३ मा विनियोजित वजेटबाट उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजनाहरु मध्ये केही आयोजनाहरु अझै सम्झौता हुन बाँकि रहेको पाइएकाले सम्झौता हुन बाँकि आयोजना यही जेठ २५ गतेभित्र सम्झौता गरिसक्ने गरी प्रक्रिया अगाडि वढाउन सबै वडा कार्यालयहरुमा पत्राचार गर्ने।

**निर्णय नं. ४**

मन्थली नगरपालिकाको आगामी आ.व. २०८३/८४ को नीति कार्यक्रम र वजेट निर्माणका लागि जेठ २५ गते भित्र सुझाव उपलब्ध गराउन सबै वडा कार्यालयहरुमा पत्राचार गर्ने।

**निर्णय नं. ५**

मन्थली नगरपालिकाबाट चालु आ.व. २०८२/८३ को कार्यक्रमबाट सञ्चालन हुने ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गतको सम्मान तथा सामाग्री वितरण कार्यक्रम सम्बन्धित वडाको वडा केन्द्रहरुमा सञ्चालन गर्न कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं. ६**

मन्थली नगरपालिकाद्वारा निर्माण भई हाल ठेक्का व्यवस्थापन मार्फत सञ्चालनमा रहेको तीनलाल पर्यटकीय पार्कभित्र पार्कको सञ्चालक र नगरपालिकाबीच भएको सम्झौताको बुँदा नं. ४ उल्लेख गरिएको प्रावधान बमोजिम पार्कभित्र सञ्चालकको एकलौटी लगानीमा

CamScanner

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

अस्थायी संरचना निर्माण गर्न पार्क व्यवस्थापन समितिको निर्णय बमोजिम प्रदान गरिएको अनुमति अनुमोदन गर्ने। पार्कभित्र सञ्चालकको नीजि लगानीमा निर्माण भएका अस्थायी संरचनाको सम्झौता अवधिमा गरिने प्रयोग र सम्झौता अवधि समाप्तीपछिको प्रक्रियाको निर्णयको अधिकार पार्क व्यवस्थापन समितिलाई प्रदान गर्ने।

**निर्णय नं. ७**

वाढी, पहिरो, आगलागी लगायतका विपद प्रतिकार्यका लागि जिल्ला विपद व्यवस्थापन समितिमा पेश गर्ने प्रस्तावको तयारीका लागि सुझाव पेश गर्न सबै वडा कार्यालयहरुमा परिपत्र गर्ने।

**निर्णय नं. ८**

मनसुनजन्य विपदको पूर्व तयारीका लागि त्रिपाल खरिद गरी तत्काल प्रति वडा २० वटाको दरले उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं. ९**

मन्थली नगरपालिकामा सञ्चालित विद्यालयहरुमा विहान ९.०० वजेदेखि ५.०० वजेसम्म कक्षा सञ्चालन गर्न सबै विद्यालयहरुमा निर्देशन दिने।

**निर्णय नं. १०**

मन्थली नगरपालिकाकामा रहेका स्वास्थ्य चौकीहरु मार्फत सबै वडामा फिजियोथेरापी सेवा उपलब्ध गराउन आवश्यक मेशिन खरिद गरी  वा वडाका नागरिकको पहुँच हने गरी खुला व्यायामशालाका लागि आवश्यक सामाग्री खरिद गरी व्यवस्थापन गर्न वजेट व्यवस्थापन गरी कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं. ११**

महालेखा परीक्षकको कार्यालयबाट औंल्याईएका वेरुजु सम्बन्धित पक्षहरुबाट असुल उपर र फछर्यौटका लागि सम्बन्धित शाखा मार्फत तत्काल कार्य अगाडि वढाउन कार्यालयलाई निर्देशन दिने।

प्रमुख प्रशासकीय अधिकृत

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

**निर्णय नं. १२**

मन्थली नगरपालिकाको पुरानागाँउ स्वास्थ्य चौकी मनपा ९ मा कार्यरत जनस्वास्थ्य अधिकृत छैठौ राजकुमार आरनको स्वास्थ्य सेवा विभागको च.नं. (पारामेडिक्स)/०१ मिति २०८३/०१/२३ को पत्र मार्फत सातौ तहमा तह वृद्धि भएको जानकारी प्राप्त भएकाले निजलाई वागमती प्रदेश सरकारबाट जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९को दफा १७ को उपदफा (१) बमोजिम सातौ तहमा पदस्थापन गरी काम काज गराउन कार्यालयलाई निर्देशन प्रदान गर्ने ।

**निर्णय नं. १३**

बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालयको च.नं. १२९१ मिति २०८३/२/१२ को पत्र अनुसार मन्त्रालयबाट उपलब्ध हुने २ थान चार्जिङ्ग मेशिन मध्ये एउटा मेशिन मनपा १ वसपार्क तथा अर्को मेशिन मनपा २ को मन्थलीबाट गाइखुरा जोड्ने पक्की पुलको मनपा २ पट्टीको मुखमा जडान गर्ने र मेशिन राखेको स्थानको भाडा भुक्तानीका लागि मन्त्रालयले गरेको अनुरोध बमोजिम रु ८००००।– अक्षेरेपी असी हजार रुपैया सिफारिस गरिएको कम्पनी Ever Green Energy and Investyment Pvt Ltd लाई भुक्तानी स्वरुप उपलब्ध गराउने ।

२०८३/०२/१२
प्रमुख प्रशासकीय अधिकृत